मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : ३१ ◆ अङ्क : १४५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ चैत ३० गते सोमबार (Monday, 13 April. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## सोमबारदेखि 'शून्य बाँकी फाइल अभियान'

**काठमाडौँ, चैत २९।** सरकारी कार्यालयमा दर्ता भएका, सुरुआती टिप्पणीलगायत फाइल विभिन्न तह र टेबलमा अनावश्यक रूपमा थन्काएर निर्णयमा ढिलाइ हुने प्रवृत्ति रोक्न सोमबारदेखि 'शून्य बाँकी फाइल अभियान' शुरु हुँदैछ ।

तल्ला निकायबाट कार्यान्वयन गर्नुपर्ने फाइल अनावश्यक रूपमा माथिल्लो तहमा पठाइने तथा सेवाप्रवाह प्रभावित हुने अवस्थालाई न्यूनीकरण गर्न सबै सरकारी कार्यालयमा शून्य बाँकी फाइल सप्ताह

(बाँकी अन्तिम पृष्ठमा)

# विपद्: आगलागीका घटना अत्यधिक

### ७६४८ घटनामा ३७२० आगलागीका घटना



**काठमाडौँ, चैत २९।** राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार एक वर्षको अवधिमा कूल सात हजार ६४८ वटा विपद्का घटना हुँदा आगलागी र डढेलोसँग जोडिएका घटना सबैभन्दा बढी छन् ।

कूल विपद्का घटनामा सबैभन्दा धेरै आगलागीका घटना हुनुले पनि सावधानीका लागि सरकारी निकायले पनि उत्तिकै चासो र सक्रियता देखाउनुपर्ने आवश्यकता बढेको छ ।

आगलागी र त्यससँग जोडिएका घटना न्यूनीकरणका लागि विशेष सावधानी अनपाउनुपर्ने प्राधिकरणको तथ्याङ्कले देखाएको छ । ठूलो मात्रामा जनधनको क्षति हुनुका पछाडि असावधानी, जनचेतनाको अभाव तथा वन तथा सुक्खा एवम् सुकेको सामग्रीमा आगो लगाउने प्रवृत्ति बढी जिम्मेवार हुने प्राधिकरणको भनाइ छ ।

प्राधिकरणका अनुसार गतवैशाख १ गतेदेखि यही चैत २७ गतेसम्मको अवधिमा देशभर आगलागीका तीन हजार ७ सय २० वटा घटना भएका छन् । आगलागीमा परेर एक सय पाँच जनाको ज्यान गएको छ । त्यस्तै पाँच सय ७१ जना घाइते भएका छन् भने चार हजार २ सय ६० परिवार प्रभावित भएका छन् ।

सो अवधिमा डढेलोको घटना तीन सय २८ वटा भएका छन् । डढेलोमा परेर दुई जनाको निधन भएको छ भने तीन जना घाइते भएका छन् । त्यस्तै ५८ परिवार प्रभावित भएका छन् । प्राधिकरणले आगलागीबाट जोगिन विशेष सावधानी अपनाउने, ज्वलनशील पदार्थ आगोले छुने ठाउँभन्दा पर राख्न, विशेष सचेतना अभियान सञ्चालन गर्ने, आगलागी हुन नदिने अन्य उपाय सञ्चालन गर्नसमेत सबैमा अनुरोध गर्दै आएको छ ।

प्राधिकरणका अनुसार यही चैत २७ गते बिहानदेखि २८ गते बिहानसम्म देशभर कूल १९ विपद्का घटना हुँदा आगलागीका मात्रै १६ वटा रहेका छन् । सुक्खा मौसममा आगलागीका घटना बढी हुने भएकाले पनि सक्रियताका साथ सावधानी अपनाउन प्राधिकरणले पुनः अनुरोध गरेको छ । वन तथा वातावरण मन्त्रालयले पनि डढेलो तथा आगलागीका घटना नियन्त्रणका लागि आफ्ना निकायलाई परिचालन गरेको छ ।

# अनलाइन सट्टेबाजीमा संलग्न २० जना पक्राउ





**काठमाडौं, चैत २९।** रुपन्देही जिल्लाका विभिन्न स्थानमा सञ्चालन भइरहेको अवैध अनलाइन सट्टेबाजी (जुवा) मा संलग्न २० जनालाई रुपन्देही प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय रुपन्देही तथा मातहतबाट खटिएका प्रहरी टोलीले तिलोत्तमा नगरपालिकाका दुई स्थानबाट उनीहरूलाई विभिन्न सामग्रीसहित नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका सूचना अधिकारी, प्रहरी नायब उपरिक्षक कृष्णकुमार चन्दले जानकारी दिए ।

प्रहरीका अनुसार चैत १९ गते तिलोत्तमा नगरपालिका-७ बाट ९ जना भारतीय नागरिक पक्राउ परेका थिए । पक्राउ पर्नेमा उत्तर प्रदेश, बिहार र पश्चिम बंगालका विभिन्न जिल्लाका व्यक्ति छन् । उनीहरूको साथबाट ३ थान ल्यापटप, २० थान मोबाइल र ५ थान हिसाब राख्ने रजिस्टर बरामद गरिएको छ ।


त्यसैगरी चैत २७ गते तिलोत्तमा नगरपालिका-१५, कोटिहवाबाट थप ११ जनालाई पक्राउ गरिएको चन्दले बताए । पक्राउ पर्नेमा भारतका विभिन्न स्थानका नागरिकसहित रुपन्देहीका एक पुरुष र एक महिला तथा सुर्खेत घर भई हाल रुपन्देही बस्दै आएकी एक महिलासमेत रहेको उनले बताए ।

उनीहरूको साथबाट २३ थान भारतीय बैंकका चेकबुक, २५ वटा एटीएम कार्ड, ९१ हजार ७ सय २५ रुपैयाँ, भारतीय पासपोर्ट, ३० वटा आधार कार्ड, ६ वटा ल्यापटप, २१ वटा मोबाइल, ३ वटा पेन ड्राइभ, ३ वटा (स्ट्याम्प) छाप र एउटा राउटर बरामद गरिएको छ ।

यस्तै चैत १९ गते तिलोत्तमा-७ बाट पक्राउ परेकाहरुमा बासडिह थाना, मिश्रवलिया गाउँ, उत्तर प्रदेश, बलिया बस्ने ३० वर्षीय प्रदीप गुप्ता, कर्नलगंज थाना, बसेरिया, उत्तर प्रदेश, गोण्डा बस्ने २२ वर्षीय पवन कुमार, बासडिह थाना, मिश्रवलिया, उत्तर प्रदेश, बलिया बस्ने २० वर्षीय सतीशकुमार, हुसेनगञ्ज थाना, मोहुवल बजार, बिहार, सिवान बस्ने २१ वर्षका मनुकुमार सोनी, नैरहवा थाना, बिहार, सिवान बस्ने २१ वर्षका अमर कुमार, उमेरी वेगमगंज थाना, गोण्डा, भारतका २१ वर्षका नरसिंह उमेरी वेगमगञ्ज थाना, गोण्डा, भारतका २४ वर्षका राम असिस सिंह, गणपुर थाना, पश्चिम बंगाल, नदिया बस्ने ३१ वर्षका सुदिप तो माझी र हण्डी थाना, बेलहरी, उत्तर प्रदेश, बलिया बस्ने २२ वर्षीय अबिशेष ठाकुर छन् ।

(बाँकी अन्तिम पृष्ठमा)

## अग्रज पत्रकार गोविन्दचन्द्र क्षेत्री सघन उपचार कक्षमा



**झापा, जेठ २९।** झापाका अग्रज पत्रकार गोविन्दचन्द्र क्षेत्री अस्पताल भर्ना भएका छन् । ८२ वर्षीय क्षेत्रीलाई भद्रपुरस्थित ओम साई पाथीभरा हस्पिटलको सघन उपचार कक्षमा राखेर उपचार भइरहेको पारिवारिक स्रोतले जनाएको छ ।

केही समयदेखि नशा र मुटुसम्बन्धी रोगबाट पीडित रहेका क्षेत्रीको शरीरमा सोडियम र हेमोग्लोबिनको कमी देखिएको चिकित्सकले बताएका छन् ।  छ दशकभन्दा बढी समय पत्रकारितामा सक्रिय क्षेत्री झापाका पुराना र सम्मानित सञ्चारकर्मी हुन् । नेपाल पत्रकार महासंघ झापा शाखाका पूर्व सभापति रहेका उनले प्रेस युनियनमा आबद्ध रहँदै विभिन्न जिम्मेवारी सम्हालेका थिए ।

पूर्वाञ्चल दैनिकका संस्थापक प्रधानसम्पादक क्षेत्री काठमाडौंबाट प्रकाशित अंग्रेजी दैनिक 'द हिमालयन टाइम्स' का झापा संवाददाता रहनुका साथै भद्रपुरबाट प्रकाशित 'नयाँ सन्दर्भ' साप्ताहिकका सम्पादक-प्रकाशकका रूपमा पनि काम गरेका छन् ।

प्रेस क्लब भद्रपुरको नेतृत्व सम्हाल्दै उनले पत्रकारिता प्रशिक्षण तथा आचारसंहितासम्बन्धी गतिविधिमा सक्रिय भूमिका खेलेका छन् ।

पत्रकारिता क्षेत्रमा पुऱ्याएको योगदानका लागि क्षेत्री 'मोती पत्रकारिता पुरस्कार' सहित विभिन्न सम्मानबाट सम्मानित क्षेत्री हाल पनि ज्येष्ठ पत्रकारका रूपमा सार्वजनिक जीवनमा सक्रिय छन् ।

## तीन मोटरसाइकल ठोक्किँदा...

**झापा, चैत २९।** बुद्धशान्ति गाउँपालिका-३स्थित मेची राजमार्ग सडकखण्डमा मोटरसाइकल एकआपसमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ भने चार जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय झापाका अनुसार चारआलीबाट बुधबारेतर्फ जाँदै गरेको प्र.१-०२-०४१ प ८९८७ नम्बरको मोटरसाइकल, सोही दिशातर्फ जाँदै गरेको को३१प ९२९० नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आउँदै गरेको प्र.१-०१- ०१२ प ७६३५ नम्वरको मोटरसाइकल एकापसमा ठोक्किँदा दुर्घटना भएको हो ।

दुर्घटनामा परेर प्र.१-०१-०१२ प ७६३५ नम्वरको मोटरसाइकल चालक इलाम नगरपालिका-६का २५ वर्षीय भूपेन्द्र श्रेष्ठको मृत्यु भएको प्रहरीले जनाएको छ । गम्भीर घाइते श्रेष्ठलाई उपचारका लागि बिर्तामोडस्थित बीएण्डसी अस्पताल लगिएकोमा चिकित्सकले मृत घोषणा गरेका थिए ।

अन्य घाइतेमध्ये प्र.१-०२-०४१प ८९८७ नम्बरको मोटरसाइकल चालक सुनसरी धरान-१५का २७ वर्षीय मनीकुमार देवकोटा, सोही मोटरसाइकलमा सवार २७ वर्षीय अनिल बस्नेत र अर्को मोटरसाइकल चालक झापा शिवसताक्षी-५का २९ वर्षीय नन्दबहादुर मगर तथा पछाडि सवार २९ वर्षीय कमल मगर रहेका छन् ।

उनीहरूको स्पाइनएक्स अस्पताल बिर्तामोडमा उपचार भइरहेको प्रहरीले जनाएको छ । दुर्घटनापछि तीनवटै मोटरसाइकल इलाका प्रहरी कार्यालय बुधबारेको नियन्त्रणमा राखिएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

## गायिका आशा भोसलेको निधन



**झापा, चैत २९।** भारतीय सङ्गीतको स्वरयुग नै परिवर्तन गरेकी प्रख्यात गायिका आशा भोसलेको आइतबार निधन भएको छ । आठ दशकभन्दा बढी समय भारतीय सिनेमा र सङ्गीतलाई आफ्नो स्वरले समृद्ध बनाएकी उनको निधनले सम्पूर्ण कलाजगतलाई शोकमा डुबाएको छ । उनको उमेर ९२ वर्ष थियो ।

मुम्बईस्थित ब्रिच क्यान्डी अस्पतालमा उपचाररत रहँदा उनको निधन भएको चिकित्सक डा. प्रतीत समदानीले पुष्टि गरे । चिकित्सकका अनुसार बहु-अङ्ग विफलताका कारण उनले अन्तिम सास लिएकी हुन् । अस्पताल स्रोतका अनुसार अत्यधिक थकान र छातीमा सङ्क्रमण भएपछि आशा भोसलेलाई शनिबारसाँझ अस्पताल भर्ना गरिएको थियो । उपचार जारी रहे पनि अवस्था जटिल बन्दै गएको चिकित्सकहरूले बताएका थिए ।

यसअघि उनकी नातिनी जनाई भोसलेले सामाजिक सञ्जालमार्फत परिवारका लागि गोपनीयताको अनुरोध गर्दै उनको स्वास्थ्य अवस्थाबारे जानकारी दिइन् । उनले अस्पताल भर्ना गरिएको पुष्टि गर्दै उपचार भइरहेको र सुधारको आशा गरिएको उल्लेख गरेकी थिइन् ।

सन् १९३३ मा जन्मिएकी आशा भोसलेले अत्यन्तै सानो उमेरमै आफ्नो सङ्गीत यात्रा शुरु गरेकी थिइन् । सन् १९५० को दशकदेखि उनको स्वर भारतीय चलचित्र सङ्गीतमा अत्यन्त लोकप्रिय बन्दै गएको थियो र क्रमशः उनी विश्वकै सबैभन्दा चर्चित पार्श्व गायिकामध्ये एकका रूपमा स्थापित भइन् ।

उनको स्वरको विशेषता भावनात्मक गहिराइ, अनुकूलनीयता र बहुमुखी प्रतिभा मानिन्छ । शास्त्रीय सङ्गीतदेखि गजल, क्याब्रे, पप र लोकगीतसम्म उनले विभिन्न विधामा आफ्नो स्वरको प्रभाव छोडेकी छिन् । भारतका विभिन्न भाषामा हजारौँ गीत रेकर्ड गरेर उनले भारतीय सङ्गीतलाई विश्वस्तरमा चिनाउन महत्वपूर्ण भूमिका खेलेकी थिइन् ।

प्रमुख सङ्गीतकार तथा चलचित्र निर्मातासँगको सहकार्यले हिन्दी चलचित्र सङ्गीतलाई नयाँ उचाइमा पुऱ्याएको मानिन्छ । उनका गीतहरू आज पनि

(बाँकी अन्तिम पृष्ठमा)

## झापामा १४६९५ सवारीमाथि कारबाही

**झापा, चैत २९।** झापामा सवारी दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरीले  सक्रियता बढाउँदा १४ हजार बढी सवारी कारवाहीमा परेका छन् ।

जिल्लाका विभिन्न स्थानमा भएका चेकजाँचका क्रममा एक वर्षको अवधिमा १४ हजार ६९५ सवारी चालक कारवाहीमा पर्दा १ करोड ४१ लाख ६४ हजार ३६ रुपैयाँ राजश्व संकलन भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ । झापामा ८८२ सवारी दुर्घटना हुँदा ५० जनाले ज्यान गुमाएका छन् भने दुर्घटनामा परी १५४८ जना घाइते भएका छन् ।

१ हजार २५६ सवारी साधन दुर्घटनामा संलग्न रहेको ट्राफिक प्रहरीको तथ्याङ्कमा उल्लेख छ । ट्राफिक प्रहरीले मादक पदार्थ सेवन (मापसे) गरेर सवारी चलाउनेबिरुद्ध विशेष निगरानी बढाएको छ । यस अन्तर्गत १ हजार १ सय ३७ जनामाथि कारबाही गरिएको छ, जसबाट ६ लाख २९ हजार ५ सय रुपैयाँ राजश्व संकलन भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रहरी निरीक्षक सन्तोष राईले जानकारी दिए ।

योसंगै ट्राफिक प्रहरीले सचेतनामूलक कार्यक्रमलाई समेत तीव्रता दिएको छ । ट्राफिक सचेतना तथा सडक प्रयोगसम्बन्धी १२५४ कार्यक्रम सञ्चालन गरी ३५ हजार ९६२ जनालाई सहभागी गराइएको छ । बिद्यार्थी लक्षित ४२ कार्यक्रमबाट ३२०३ जना लाभान्वित भएका छन् भने मापसे सम्बन्धी २१ कार्यक्रममार्फत ५६१ जनामा जनचेतना फैलाइएको छ । प्रहरी हटलाइनमा २१०० वटा कल प्राप्त भएका छन् भने ६०५० सेवाग्राहीले प्रत्यक्ष सेवा लिएका छन् ।

दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरीले विभिन्न पूर्वाधार सुधारका काम पनि अघि बढाएको छ । फागुन महिनामा ६२ ट्राफिक संकेत बोर्ड जडान गरिएको छ भने ६ वटा दुर्घटना सम्भावित क्षेत्रमा चेतावनी बोर्ड राखिएको छ ।

ट्राफिक नियम उल्लंघन गर्नेबिरुद्ध कडाइ गर्दै ९५० वटा प्रेशर हर्न हटाइएको छ भने स्वरूप परिवर्तन गरेका १०२ मोटरसाइकलमाथि कारबाही गरिएको ट्राफिक प्रहरीले जनाएको छ ।

## प्रधानमन्त्री वालेनको आलोचना गर्ने युट्युबर रिहा



**झापा, चैत २९।** प्रधानमन्त्री वालेन्द्र शाह (बालेन)को आलोचना गरेको भन्दै पक्राउ परेका युट्युबर रोशन पोखरेललाई प्रहरीले छाडेको छ ।

प्रधानमन्त्रीलाई गालीगलौज गरेको भन्दै पाँचथरको फाल्गुनन्द गाउँपालिकाबाट उनलाई प्रहरीले पक्राउ गरेको थियो । जिल्ला अदालत पाँचथरबाट १० दिन म्याद थप अनुमति लिएर अनुसन्धान अघि बढाइएको थियो । तर, गाली गरेकै भरमा उनलाई पक्राउ गरिएपछि धेरैले आलोचना गरेका थिए । प्रहरीका अनुसार उनलाई हजुरआमाको जिम्मा लगाएर छाडिएको छ ।

# चिकित्सकलाई पनि हप्तामा दुई दिन बिदा माग

**झापा, चैत २९।** नेपाल चिकित्सक संघले हप्तामा दुई दिन बिदा दिने सरकारी निर्णयको स्वागत गर्दै चिकित्सक तथा स्वास्थ्यकर्मीहरूलाई पनि सोही अनुसारको सुविधा दिन माग गरेको छ ।

राष्ट्रिय ट्रमा सेन्टरका प्रमुख परामर्शदाता अर्थोपेडिक सर्जन प्राध्यापक डा. बद्री रिजालले चिकित्सकहरूको मानसिक तथा शारीरिक स्वास्थ्य र 'बर्नआउट' को समस्यालाई मध्यनजर गर्दै दुई दिने बिदा अनिवार्य रहेको बताए ।

सरकारले इन्धनको खपत घटाउन शनिवार र आइतवार बिदा दिने निर्णय गरे पनि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अस्पतालहरूलाई पत्र लेख्दै आइतबार पनि ओपीडी सेवा सञ्चालन गर्न निर्देशन दिएको छ ।

सरकारको निर्णय सबै कर्मचारीका लागि समान हुनुपर्ने भन्दै उनले अस्पतालै पिच्छे बिदा र समयको फरक-फरक नियम हुँदा अन्योल बढेकाले तत्काल सरोकारवालासँग वार्ता गर्न सरकारसँग आग्रह गरे । राष्ट्रिय ट्रमा सेन्टर प्रमुख परामर्शदाता डा. बद्री रिजालले राज्यले चिकित्सा क्षेत्रलाई अप्ठ्यारो पर्दा 'अत्यावश्यक सेवा' भन्ने गरे पनि सो सेवामा खटिने कर्मचारीको सुविधा र कार्यघण्टाका विषयमा भने सँधै मौन रहने गरेको गुनासो गरे ।

(बाँकी अन्तिम पृष्ठमा)

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

Advance Pathology Lab
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com

१००% ग्यारेन्टीका साथ ज्योतिष सेवा



तपाईहरुको भूतकाल, भविष्य र वर्तमान जस्ताको त्यस्तै स्पष्ट बताइदिने प्रखर ज्योतिष



सम्पर्क: NISHANT M JOTIC KENDRA
Newmarket, Panitanki I P.0. Dulaljote-734429 I Dist. Darjeeling, Westbangal
INDIAN NO: CALL & WHATSAPP +91-81598-50995
NEPALI NO CALL +977-98401-64453
Yubtube: Nishat M Jotic kendra

# नमूनामा उपभोक्ताहरुको आम्दानी वृद्धि गर्न मौरीपालन



**अर्जुनधारा, चैत २९।** आयमूलक कार्यक्रममार्फत् समूहमा आबद्ध उपभोक्ताहरुको आम्दानीमा वृद्धि गर्ने उद्देश्यले झापाको अर्जुनधारा नगरपालिका-९स्थित नमूना सामुदायिक वन उपभोक्ता समूहले मौरीपालन कार्यक्रम शुरु गरेको छ।

समूहसँगै अर्जुनधारा नगर मानव हात्ती द्वन्द्व न्यूनीकरण उपभोक्ता समिति, सुखानी शहीद स्मृति प्रतिष्ठान नेपाल र उपभोक्ताको संयुक्त साझेदारीमा उक्त कार्यक्रम शुरु गरिएको समूहका अध्यक्ष जागिरमान राईले जानकारी दिए। अध्यक्ष राईका अनुसार पहिलो चरणमा मानव हात्ती द्वन्द्व न्यूनीकरण उपभोक्ता समितिको एक लाख ५० हजार रुपैयाँ, प्रतिष्ठानको ६० हजार रुपैयाँ, समूहको ४५ हजार रुपैयाँ र मौरीपालनका लागि छनौट भएका २५ जना उपभोक्ताबाट ४५ हजार रुपैयाँसहित जम्मा तीन लाख रुपैयाँको लागतमा कार्यक्रम शुरु गरिएको हो।

अध्यक्ष राईको अध्यक्षता र प्रतिष्ठानका केन्द्रीय सदस्य बाबुराम घिमिरेको प्रमुख आतिथ्यमा आइतबार आयोजित कार्यक्रममा २५ थान मौरीसहितको घार वितरण गरिएको थियो। वितरण गरिएको मौरी मेलिफेरा प्रजातिको हो।

कार्यक्रममा अर्जुनधारा नगर कार्यपालिका सदस्य गौरीमाया चिमरिया, नगरसभा सदस्य पूर्णबहादुर राई, मानव हात्ती द्वन्द्व न्यूनीकरण उपभोक्ता समिति अर्जुनधाराका सचिव धनबहादुर तामाङ, सुखानी शहीद स्मृति उद्यान व्यवस्थापन समितिका अध्यक्ष भैरवबहादुर खड्का, अर्जुनधारा नगर सामुदायिक वन उपभोक्ता महासंघका अध्यक्ष भानुभक्त श्रेष्ठलगायतको आतिथ्य रहेको थियो।

सोही कार्यक्रममा मौरीपालन कार्यक्रमका लागि छनौट भएका उपभोक्ताहरुलाई एक दिने तालिम पनि सञ्चालन गरिएको थियो। तालिमको सहजीकरण सहजकर्ता कृषि प्रसार अधिकृत सुवास दाहालले गरेका थिए। समूहकी कोषाध्यक्ष मीनादेवी कार्कीले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव मोहन चौलागाँईंले गरेका थिए।

# नारी सञ्चारद्वारा शुभकामनासहित क्यालेन्डर विमोचन



**बिर्तामोड, चैत २९।** नारी सञ्चार गृह झापाले नयाँ वर्षको अवसरमा शुभकामना आदानप्रदान तथा क्यालेन्डर विमोचन कार्यक्रम सम्पन्न गरेको छ।

बिर्तामोडस्थित साइ पार्टी प्यालेसमा आयोजित कार्यक्रममा नयाँ वर्ष २०८३ को क्यालेण्डर बिमोचन गर्नुका साथै शुभकामना आदानप्रदान गरिएको हो। कार्यक्रममा आदिवासी जनजाति पत्रकार संघ झापाका अध्यक्ष अर्जुन राजवंशी, प्रेस सेन्टर नेपाल झापा अध्यक्ष पुष्प खड्का, प्रेस चौतारी नेपाल झापा अध्यक्ष प्रदीप परियार, एवीसी नेपालकी केन्द्रीय सदस्य कञ्चना ढकाल सिटौला, नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी, कार्यक्रमकी प्रमुख अतिथि नेपाल पत्रकार महासंघ कोशी प्रदेश उपाध्यक्ष तथा नारी सञ्चार गृह झापाकी पूर्वअध्यक्ष अम्बिका भण्डारीलगायतले शुभकामना मन्तव्य राखेका थिए।

कार्यक्रमकै बीच क्यालेण्डर प्रकाशनमा सहयोग गर्ने बीज इन्टरनेशनल एजुकेशन सर्भिस बिर्तामोडका सञ्चालक अशोक भण्डारीलाई सम्मान गरिएको थियो। कार्यक्रममा सञ्चारकर्मीहरूसँगै विभिन्न संघ-संस्थाको नेतृत्व गर्ने महिला नेतृहरुको उल्लेख्य सहभागिता थियो। नारी सञ्चार गृह झापाकी अध्यक्ष स्वस्तिका आचार्यको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सहभागीहरुलाई उपाध्यक्ष जोश्ना श्रेष्ठले स्वागत गरेकी थिइन् भने कार्यक्रम सञ्चालन सचिव दीपा पोखरेलले गरेकी थिइन्।

# बिराट गोल्डकपमा झापा बिजयी

**मोरङ, चैत २९।** विराट गोल्डकप फुटबल प्रतियोगिता अन्तर्गत शनिबारदेखि शुरु भएको पहिलो उद्घाटन खेलमा झापा-११ विजयी भएको छ। विराट गोल्डकप फुटबल ट्रष्टद्वारा बिराटनगरको शहीद रङ्शालाको फ्लड लाइटमा (रात्रिकालीन) नकआउट आधारमा भएको पहिलो खेलमा झापाले नेपाल आर्मीलाई २-१ गोलले पराजित गरेको हो।

झापाका खेलाडीले फागुराम थारूले खेलको १०औं र ४४औं मिनेटमा गोल गरेका थिए भने आर्मीका तर्फबाट खेलको २३औं मिनेटमा नवीन लामाले एक गोल फर्काएका थिए।

शनिबारको खेलमा उत्कृष्ट बनेका झापाका फागुराम थारूले नगद रु. ११ हजार पुरस्कार प्राप्त गरेका छन्। प्रतियोगिता आगामी वैशाख ५ गतेसम्म सञ्चालन हुनेछ। प्रतियोगितामा नेपाल र भारतका गरी आठ समूहले सहभागिता जनाएका छन्।

'फुटबलको पर्व, बिराटनगरको गर्वः विराट गोल्डकप' नाराका साथ सञ्चालन भइरहेको प्रतियोगितामा नेपाल पुलिस क्लब (काठमाडौं), त्रिभुवन आर्मी फुटबल क्लब (काठमाडौं), मच्छिन्द्र फुटबल क्लब (काठमाडौं), नेपाल एपिएफ फुटबल क्लब (काठमाडौं), चर्च ब्वाइज युनाइटेड फुटबल क्लब (काठमाडौं), सम्राट स्पोर्टिङ क्लब (बिराटनगर), झापा-११ फुटबल क्लब (झापा) र भारत झारखण्डको विर्षामुण्डा फुटबल एकेडेमी सहभागी छन्।

ट्रष्टका अध्यक्ष किशोरबहादुर शाहीका अनुसार विराटनगर गोल्डकपको ३८औं संस्करणमा विजेता हुने समूहले रु. ११ लाख, उपबिजेताले रु. पाँच लाख, उत्कृष्ट प्रशिक्षकलाई रु. १५ हजार, उत्कष्ट गोलरक्षकलाई रु. १५ हजार, सर्वाधिक गोलकर्तालाई रु. १५ हजार, सर्वोकृष्ट खेलाडीलाई रु. ५१ हजार र दैनिक हुने खेलको उत्कृष्ट खेलाडीलाई नगद रु. ११ हजार पुरस्कार प्रदान गरिनेछ।

प्रतियोगिता सम्पन्न गर्न रु. एक करोड खर्च लाग्ने अनुमान गरिएको ट्रष्टका महासचिव बिनोद बस्नेतले बताए। कोशी प्रदेशका पर्यटन, वन तथा वातावरणमन्त्री भीम पराजुलीले प्रतियोगिताको उद्घाटन गर्दै प्रदेशमा खेलकुद क्षेत्रको विकासलाई सरकारले सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए।

# वातावरण, संस्कृति तथा पर्यटन विधामा इलाम उत्कृष्ट

**इलाम, चैत २९।** वातावरण, संस्कृति तथा पर्यटन विधामा इलाम नगरपालिका उत्कृष्ट घोषित भएको छ। उत्कृष्टताको पुरस्कार नगर प्रमुख केदार थापाले ग्रहण गरे।

नेपाल नगरपालिका संघको ३३औं वार्षिकोत्सवमा संघले प्रदान गरेको विभिन्न पाँच विधामध्ये इलामले उक्त विधामा उत्कृष्टता हासिल गरेको हो। एउटै विधामा गोदावरी नगरपालिकासँग समान ८५/८५ अंक प्राप्त गर्दै इलामले संयुक्त रूपमा पहिलो स्थान हासिल गरेको जनाइएको छ। कार्यक्रममा सभामुख डोलप्रसाद अर्यालले विजेता स्थानीय तहलाई पुरस्कार वितरण गरेका थिए।

यसैगरी, अन्य विधातर्फ हलेसी तुवाचुङ नगरपालिका (संस्थागत विकास, सेवा प्रवाह तथा वित्तीय सुशासन), मन्थली नगरपालिका (स्थानीय आर्थिक विकास), मटिहानी नगरपालिका (सामाजिक विकास) तथा पोखरा महानगरपालिका (योजना तथा पूर्वाधार विकास) पुरस्कृत भएका छन्।

# ७ किलो गाँजासहित दुई भारतीय नागरिक पक्राउ

**काठमाडौं, चैत २९।** थाइल्याण्डबाट अवैध रूपमा लागूऔषध गाँजा ओसारपसार गर्ने कार्यमा संलग्न दुई जना भारतीय नागरिकलाई लागुऔषध नियन्त्रण ब्यूरोले पक्राउ गरेको छ।

ब्युरोको टोलीले उनीहरूको साथबाट ७ किलो गाँजा बरामद गरेको हो। पक्राउ पर्नेहरूमा ३९ वर्षीय भारतीय नागरिक मोहसिन सलाउद्दीन खान र ३१ वर्षीय मोहम्मद राहिल मोहम्मद ताहिर गङ्गु रहेका छन्।

ब्यूरोले आइतबार दिएको जानकारी अनुसार फ्लाई दुबईको उडानमार्फत बैंककबाट दुबई हुँदै काठमाडौं ओर्लिएका मोहसिन सलाउद्दीन खानलाई प्रहरीले शंका लागेपछि विमानस्थलदेखि नै कडा निगरानीमा राखेको थियो। खान गौशालास्थित काठमाडौं महानगरपालिका वडा नं. ९मा रहेको एक होटलमा प्रवेश गरेपछि प्रहरी टोलीले उनलाई नियन्त्रणमा लिएर खानतलासी गरेको थियो। खान बसेको होटलको कोठामा अर्का भारतीय नागरिक मोहम्मद राहिल पहिलेदेखि नै बसिरहेका थिए। प्रहरीले उनीहरूले साथमा ल्याएको दुई वटा झोला खानतलासी गर्दा ७ किलो लागूऔषध गाँजा फेला पारेको हो।

थप अनुसन्धानका क्रममा मोहम्मद राहिल चैत २६ गते नै मलेशिया एयरलाइन्सको उडानमार्फत बैंककबाट क्वालालम्पुर हुँदै काठमाडौं आएर उक्त होटलमा बसेको खुलेको छ।

उनी होटलमा बसेर मोहसिनको प्रतीक्षा गरिरहेको र मोहसिन २८ गते गाँजासहित आएपछि दुवै जनालाई प्रहरीले एकैसाथ पक्राउ गरेको हो।

व्यूरोका सह-प्रवक्ता एवम् प्रहरी नायव उपरीक्षक जीवन निरौलाका अनुसार पक्राउ परेका दुवै अभियुक्तहरूमाथि लागूऔषध (नियन्त्रण) ऐन २०३३ बमोजिम काठमाडौं जिल्ला अदालतबाट म्याद थप गरी विस्तृत अनुसन्धान भइरहेको छ।

## अनलाइन ...

यस्तै चैत २७ गते तिलोत्तमा-१५, कोटिहवाबाट प्रहरीले ११ जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा जगदीशपुर, भारत बस्ने २८ वर्षका सन्दीप कुमार, हैदरावाद, तेलङ्गाना, भारतका ४३ वर्षीय एम.डी. हाकिम कुशीनगर, उत्तर प्रदेश, भारतका २६ वर्षका सतेन्द्र सिंह, गोरखपुर, उत्तर प्रदेश, भारतका ३६ वर्षका श्याम सुन्दर, रतनपुर, उत्तर प्रदेश, भारतका २४ वर्षका दीपक पाण्डे, गाजीपुर, उत्तर प्रदेश, भारतका ३२ वर्षीय रियाज अहमद, रसुल्लावाद, कानपुर देहात, भारतका ३५ वर्षको प्रदीप कुमार, भारत दिल्लीकी ३६ वर्षकी तन्नु कुमारी, दिल्ली, भारतकै ३८ वर्षीय राखी झा, ओमसतिया गाउँपालिका-१, रुपन्देही बस्ने ३४ बर्षिय अक्लेश कुमार यादव र सुर्खेत घर भई हाल तिलोत्तमा-१५, कोटिहवा बसोबास भएकी ३८ वर्षिय सीमा राना रहेको प्रहरीले जनाएको छ।

प्रहरी नायब उपरीक्षक चन्दले पक्राउ परेकाहरूलाई आवश्यक कारबाहीका लागि प्रक्रिया अगाडि बढाएको र अनलाइन सट्टेबाजीमा संलग्न अन्य व्यक्तिहरुको खोजी तथा अनुसन्धान जारी रहेको जनाए।

## सोमवारदेखि ...

अभियान सञ्चालन गर्न लागिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ।

त्यसका लागि सरकारले 'शून्य बाँकी फाइल सप्ताह अभियान सञ्चालन सम्बन्धी मार्गदर्शन, २०८२' सार्वजनिक गरिसकेको छ। कुनै पनि चालू अवस्थामा रहेका फाइल अनिश्चित समयसम्म अड्केर नबसोस्, जिम्मेवारी स्पष्ट होस् र काम हुने वा नहुने विषयको समयमा टुङ्गो लागोस् भन्ने अभियानको उद्देश्य छ। अभियान आगामी वैशाख ७ गतेसम्म सञ्चालन हुनेछ।

मार्गदर्शन अनुसार अब तीन दिन, सात दिन वा १५ दिनभन्दा बढी समयदेखि रोकिएका फाइलमा स्वतः समीक्षा प्रक्रिया लागू गर्नुपर्नेछ। निर्णय गर्न सकिने विषयलाई अनावश्यक रूपमा माथिल्लो तहमा नपठाइ सम्बन्धित तहबाट टुंग्याउने पद्धतिको विकास गर्नुपर्ने भएकाले यो अभियान सञ्चालन गरिएको हो।

## चिकित्सकलाई ...

उनले इमर्जेन्सी सेवा २४सै घण्टा सुचारु रहने भएकाले ओपीडी सेवाको समय बिहान ९देखि दिउँसो ३ बजेसम्म गरेर आइतवार बिदा दिन सकिने सुझाव दिए।

सरकारले सातै दिन अस्पताल चलाउन चाहने हो भने हालको दरबन्दीलाई दोब्बर बनाउनुपर्ने उनको तर्क छ। डा. रिजालले सुरक्षित वातावरण, उचित सेवा, सुविधा र वैज्ञानिक कार्यविधिको लागि सरकारले तत्काल सरोकारवालाहरुसँग वार्ता गर्नुपर्ने उनको भनाइ छ।

## गायिका ...

कालजयी छन् र नयाँ पुस्तामाझ उत्तिकै लोकप्रिय छन्। उनलाई भारतीय सरकारले प्रतिष्ठित दादासाहेब फाल्के पुरस्कार तथा पद्मविभूषण सहितका उच्च सम्मानले सम्मानित गरेको थियो।

सन् २०११मा गिनिज वर्ल्ड रेकर्डले उनलाई सङ्गीत इतिहासमा सबैभन्दा धेरै रेकर्ड गरिएको कलाकारका रूपमा मान्यता दिएको थियो।

जीवनको उत्तरार्धसम्म पनि आशा भोसले सङ्गीतसँग निरन्तर जोडिएकी थिइन्। कहिलेकाहीँ सार्वजनिक प्रस्तुति दिँदै उनले युवा कलाकारहरूलाई प्रेरणा दिइरहेकी थिइन्। भारतीय सङ्गीतमा महिला स्वरको पहिचान विस्तार गर्न र पार्श्व गायनलाई नयाँ परिभाषा दिन उनको योगदान अतुलनीय छ।

उनका लोकप्रिय गीतहरूमा 'दिल चीज क्या है', 'पिया तु अब तो आजा', 'मेरा कुछ सामान' र 'चुरा लिया है तुमने' जस्ता कालजयी रचना समावेश छन्, जसले उनको बहुआयामिक प्रतिभालाई उजागर गर्छ। उनको निधनको खबर फैलिँदा भारतभर तथा अन्तर्राष्ट्रियस्तरमा पनि शोक व्यक्त गरिएको छ। प्रशंसक, कलाकार र विभिन्न क्षेत्रका व्यक्तित्वहरूले उनको योगदानलाई स्मरण गर्दै भारतीय सङ्गीतमा उनको स्थान अपूरणीय रहेको बताएका छन्।


## रोजगारीको सुवर्ण अवसर

झापाको बिर्तामोडमा आकर्षक तलब, खाना/बस्न, सुविधासहित रोजगारीको सुवर्ण अवसर रहेकाले इच्छुकले तु-सम्पर्क गर्नुहोला।

सम्पर्क नं. ९८२४९७४६९४ (9824974694)

## बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा


वरिष्ठ रेडियोलोजिष्ट **डा. संजयकुमार गुप्ता**द्वारा

निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा

- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

हाम्रा सेवाहरु

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६

## एक्सेल डेभलपमेन्ट बैंक लि.

Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)

नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )

Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

वि.स.२०८३ वैशाख ०१ गते (इ.सं.२०२६/०४/१४) देखि लागु हुने व्याजदर

### निक्षेप

| निक्षेपको प्रकार | न्यूनतम मौज्दात | ब्याजदर (% प्रतिवर्ष) |
|---|---|---|
| १.चल्ती/कल डिपोजिट | | |
| (क) कर्पोरेट डिपोजिट (CD) | १००० देखि ५००० सम्म | अधिकतम ०.५० सम्म |
| (ख) एक्सेल सुपर निक्षेप (ESD) | ० | |
| २.बचत खाता | | |
| एक्सेल रेमिट बचत खाता | १०० | ३.६० |
| एक्सेल प्रिमियम वचत खाता | १,००० | २.५० |
| मेरो नानी बाबुको वचत खाता | १०० | २.५० |
| एक्सेल समृद्धि वचत खाता | २,००० | २.५० |
| एक्सेल उत्कृष्ट बचत खाता | २५,००० | २.६० |
| सामाजिक सुरक्षा भत्ता खाता | ० | २.५० |
| मेरो तलव खाता | ० | २.५० |
| मेरो पेन्सन खाता | ० | २.५० |
| अन्य सबै बचत खाता योजनाहरु | १०० | २.५० |

३.मुद्दति खाता

| खाता प्रकार | ब्याजदर (% प्रतिवर्ष) | |
|---|---|---|
| | व्यक्तिगत खाता | संस्थागत खाता |
| | त्रैमासिक ब्याज भुक्तानी | त्रैमासिक ब्याज भुक्तानी |
| ३ महिने मुद्दति खाता | २.७५ | - |
| ६ महिने मुद्दति खाता | २.७५ | २.७५ |
| ९ महिने मुद्दति खाता | २.७५ | २.७५ |
| १ वर्ष वा सो भन्दा माथी ३ वर्ष भन्दा कमको मुद्दति खाता | ३.०० | २.७५ |
| ३ वर्ष वा सो भन्दा माथी ५वर्ष सम्मको मुद्दति खाता | ४.०० | २.७५ |
| ५वर्ष भन्दा माथीको मुद्दति खाता | ४.९५ | ३.२५ |
| एक्सेल रेमिट मुद्धति खाता | व्यक्तिगत खाताको हकमा माथि उल्लेखित समयावधी बमोजिमको व्याजदरमा १% थप गरिनेछ | |

४.क्रमिक बचत निक्षेप (नयाँ खाताहरुमा मात्र लागु हुनेछ)

| अवधि | वार्षिक ब्याजदर % |
|---|---|
| १ वर्ष अवधि | २.७५ |
| २ वर्ष अवधि | ३.२५ |
| ३ वर्ष अवधि | ३.५० |
| ४ वर्ष अवधि | ३.७५ |
| ५ वर्ष अवधि | ४.०० |

### कर्जा

| कर्जाको प्रकार | प्रिमियम दर(%प्रतिवर्ष) |
|---|---|
| १.संस्थागत (व्यवसाय कर्जा) | +४ सम्म |
| २. रिटेल (उपभोग) कर्जाहरु: घरकर्जा, गाडी कर्जा, व्यक्तिगत लगायत अन्य कर्जाहरु | +४ सम्म |
| ३. मार्जिन (शेयर) कर्जा | +४ सम्म |
| ४. रियल स्टेट कर्जा | +४ सम्म |
| ५. सुन चाँदी धितो कर्जा | +४ सम्म |
| ६.घरेलु, साना तथा मझौला कर्जा | +३.५० सम्म |
| ७.ग्रिन कर्जा | +३.०० सम्म |
| ८.व्याज अनुदान सहितको सहुलियत कर्जा | +२.०० सम्म |
| ९. कन्सोर्टियम कर्जा | कन्सोर्टियम निर्णयानुसार |
| १०.मुद्धती रसिद धितोमा | थप २ प्रतिशत वा पछिल्लो तीन महिनाको औसत आधार दरमा जुन बढी हुन्छ। |
| ११.छोटो आवधिक कर्जा (Short Term Loan) | +४.०० सम्म |
| १२.नेपाल राष्ट्र बैंक बाट जारी निर्देशन बमोजिम विपन्न वर्ग लगायत अन्य तोकिएका क्षेत्रमा प्रवाह हुने कर्जाको प्रिमियम दर निर्देशन बमोजिम हुनेछ। | |

स्थिर व्याजदर प्रतिवर्ष आवधिक कर्जा (Fixed Interest Rate)

| कर्जाको प्रकार | ५ वर्षसम्म | ५ वर्ष भन्दा माथि १० वर्षसम्म | १० वर्षभन्दा बढी |
|---|---|---|---|
| घर कर्जा | ७.९९% | ८.५०% | ९.५०% |
| व्यवसायिक कर्जा | ८.२५% | ९.००% | १०.००% |
| सवारी कर्जा | ८.५०% | ९.००% | - |
| व्यक्तिगत कर्जा | ९.२५ % | १०.००% | १०.५०% |

नोटः

- बैकको पछिल्लो तीन महिनाको औसत आधार दर (फागुन मसान्त सम्मको) ५.९०% रहेको छ र ऋणीपिच्छे लागू हुने परिवर्तनीय व्याजदर औसत आधार दरमा आवश्यक जोखिम प्रिमियम थप गरी निर्धारण हुनेछ।
- सामाजिक सुरक्षा भत्ता वापतको रकम मात्र जम्मा हुने व्यक्तिगत निक्षेप खाता तथा अक्षयकोष मुद्दती निक्षेपको हकमा नियामक निकायको निर्देशन/आपसी सहमति बमोजिम हुनेछ।
- बैंक जमानत/प्रतितपत्र दावी भुक्तानीमा एवं Force Loan मा तत्काल लागू रहेको अधिकतम प्रिमियम दर लाग्नेछ।
- ऋणीले जुन उद्देश्यको लागि कर्जा लिएको हो सो उद्देश्यमा कर्जा प्रयोग नगरेको, धितो सम्पतिमा हानी नोक्सानी गरेको पाइएमा तथा कर्जा आव्हान पत्रमा उल्लेख भएको शर्त तथा बन्देजहरुको पालना नभएको तथा थप कर्जा नोक्सानी व्यवस्था आवश्यक हुने ऋणीहरुको कर्जाको व्याजदरको प्रिमियम दरमा अतिरिक्त २% थप गरी कायम गर्न गरिनेछ। अन्यको हकमा पेनल व्याज सम्बन्धी नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कायम हनेछ।
- कर्जाको व्याजदर निर्धारण गर्दा नेपाल राष्ट्र बैंकको निर्देशनको परिधिभित्र रहेर गरिने छ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९७०८८२६९०५) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

सम्पादकीय

## बढ्दो अपराध : सुरक्षा चुनौती

**पछिल्लो समय हत्या, हिंसा र आपराधिक घटनाहरुमा वृद्धि भइरहेको छ । यस्ता अपराधका घटनाले समाजलाई असुरक्षित महशुस भइरहेको छ भने सुरक्षा संयन्त्रलाई सुरक्षाको चुनौती थपिएको छ । पछिल्लो घटनाहरुमा परिवारका सदस्य नै संलग्न रहेका तथ्यहरु पनि सार्वजनिक भएका छन् । सामान्य विषयमा विवाद उत्पन्न भई क्रुरतापूर्वक हत्या गरिएको पछिल्लो घटनाले झापालीलाई स्तब्ध बनाएको छ । गलत नम्बरमा फोन गएको सामान्य विषयमा विवाद हुँदा झापा कमल गाउँपालिकाका दुई दाजुभाइको हत्या भएको थियो । यद्यपि हत्यारालाई प्रहरीले पक्राउ गरिसकेको छ, तर सन्तानको हृदयविदारक हत्याको घटनाले अभिभावकलाई पुऱ्याएको क्षति र दिएको पीडा अपूरणीय छ ।**

**ललितपुरको पाटन दरवार स्क्वायर क्षेत्रमा भएको उक्त घटनामा दाजु सुमित र भाइ सृजन नेम्वाङको मृत्यु भएको थियो । त्यसअघि झापाकै शिवसताक्षीमा दाजुले भाइको हत्या गरेको घटना सार्वजनिक भएको थियो । त्यसैगरी बिर्तामोड–७ मा सुतिरहेका फुर्वा तामाङको हत्या छिमेकी दाजुभाइ प्रेमकुमार र रामकुमार राईले गरेको घटना सार्वजनिक भएको थियो । त्यसैगरी भाञ्जाले माइजूको हत्या गरेको अर्को घटना पनि यसै हप्ता सार्वजनिक भएको छ । पोखरा सभागृह चोकमा घर फर्किँदै गरेकी सृजना पौडेल केसीलाई उनकै भाञ्जाले विभत्स हत्या गरे । सो घटनामा पारिवारिक सम्पत्ति विवाद र प्रतिशोधको चरम परिणति भएको प्रहरीको अनुसन्धानले देखाएको छ ।**

**झापा, ललितपुर र पोखरामा भएका विभत्स हत्याका यी शृंखलाहरुले सुरक्षा संयन्त्रलाई पनि चुनौती थपिएको छ । आखिर प्रत्येक व्यक्तिका पछि प्रहरी परिचालन हुने होइन, तर मानवीयता, मानव संवेदना किन यसरी ढुंगासरह निष्प्राण भइरहेको छ– समाजलाई चिन्ता थप्ने विषय हो । त्यसो त यस्ता अपराध र आपराधिक मनोवृत्ति बढ्नुमा मदिरा र लागूऔषधको दुर्व्यसन मुख्य कारण रहेको अनुसन्धानले देखाएको छ । त्यसैगरी पारिवारिक र सामाजिक कलहबाट पनि अपराधका घटना बढ्दै गएका छन् भने हतियारको सहज पहुँच र सामाजिक सञ्जालको दुरुपयोगले पनि अपराध बढाउने कारक बनिएका छन् ।**

**समाजमा बढ्दो हत्याको शृंखला र अपराधका घटनालाई नियन्त्रण गर्न प्रहरीलाई चुनौती छ, तर जनताको जन र धनको रक्षा गर्नु सुरक्षा संयन्त्रको जिम्मेवारी नै हो । तसर्थ मदिरा तथा लागूऔषधको दुर्व्यसन रोक्न, सामाजिक सचेतना बढाउन, युवाहरुलाई परामर्श दिएर कुलतबाट बचाउन र सुरक्षा गस्ती बढाउँदै प्रविधिको विस्तार गर्न राज्य लाग्नु पर्दछ । सँगसँगै अपराधमा संलग्न रहेकालाई तत्काल पक्राउ गरी कडा कानूनी कारवाही गरेर अपराध गर्नेहरु दण्डित हुन्छन् भन्ने विश्वास जगाउनुपर्छ । यसले मात्र समाजमा सुरक्षाको अनुभूति हुनसक्छ ।**

# सूचनाको हक कानूनको कार्यान्वयन सरकारको प्राथमिकता



**उमिद बागचन्द**




नेपालको अधिराज्यको संविधान २०४७ मा सूचनाको हकको व्यवस्था गरिएको थियो, तर प्राथमिकतामा पर्न सकेन । संविधान कार्यान्वयनको १६ वर्ष बितिसक्दा पनि कतैबाट सूचनाको हकले स्थान पाएन । देशमा २०६२/०६३ सालको जनआन्दोलनपछि जारी गरिएको अन्तरिम संविधानमा उल्लेखित प्रावधान अनुसार २०६४ सालमा सूचनाको हक सम्बन्धी ऐन २०६४ आयो र राष्ट्रिय सूचना आयोगको गठन भयो । २०६५ सालमा सूचनाको हक सम्बन्धी नियमावली पनि बन्यो । यति मात्र होइन, संविधानसभाबाट निर्मित नेपालको संविधान २०७२ को धारा २७ मा सूचनाको हकलाई मौलिक हकका रुपमा व्यवस्था गरियो । यो कानून खासगरी राज्यका काम-कारवाहीलाई जवाफदेही र जिम्मेवार बनाउने तथा जनतालाई सुशासनको अनुभूति गराउने कानून हो ।

देश भ्रष्टाचारले चुर्लुम्मै डुब्दा पनि यो सूचनाको हक सम्बन्धी कानूनको व्यावहारिक रुपमा कार्यान्वयनमा विगतदेखि नै राज्यको सक्रियता देखिएन । यो कानूनको व्यावहारिक प्रयोगले भ्रष्टाचार कम हुन्छ भन्ने कुरासम्म बुझ्न सरकार तयार हुन सकेन । यो कानून अन्तर्गत बनेको राष्ट्रिय सूचना आयोग अन्य आयोगभन्दा शक्तिशाली भएकै कारण यो आयोगको भूमिका स्थायी सरकारमा रहेकाहरुले न्यून गर्दै आएको देखिन्छ । यो आयोगमा शुरुमा सचिवको दरबन्दी रहेकामा अहिले सहसचिवको दरबन्दी कायमा गरिएको छ । सचेतनामूलक कार्यक्रमलाई व्यापकता दिनुपर्नेमा हरेक वर्ष बजेट घटाउँदै जाँदा यसको भूमिका सीमित बन्न थालेको अनुभव हुन थालेको छ ।

पछिल्लो समयमा राष्ट्रिय सूचना आयोग पनि अनुगमन गर्नेभन्दा पनि आफूलाई सरकारी कार्यालय मात्र सम्झिन थालेको टिप्पणी हुन थालेको छ । अहिले सूचनाको हक सम्बन्धी कानूनको उद्देश्य अनुसार सूचना दिलाउनेतर्फ भन्दा पनि सूचना मागकर्तालाई हतोत्साही बनाउनेतर्फ लागेको देखिन्छ । नेपालमा भ्रष्टाचार न्यूनीकरण गर्न सूचनाको हक राजनीतिक दलको एजेन्डा बन्नुपर्ने बन्न सकेन । विगतमा सूचना मागकर्ताको संख्या बढाउने र सूचना माग्ने कार्यलाई व्यावहारिक बनाउनेतर्फ आयोग र अभियानकर्ता केन्द्रित भएका थिए । यो कानून आएको अहिले १८ वर्ष पार हुँदै गर्दा पनि आमनागरिकले सूचना माग्न खासै तत्परता देखाएको पाइँदैन । पहुँच नभएका जनताका लागि बढी महत्त्व हुने यो कानून उनीहरुसम्म पुग्न अझै सकेको छैन । यसो हुनुको मुख्य कारण राज्यका संयन्त्रमा रहेका जिम्मेवार व्यक्तिहरुको बुझाइमा स्पष्ट नहुनु, थाहा हुँदाहुँदै पनि सूचना दिन नपरोस् भन्ने मानसिकता रहनु, सूचना मागकर्तालाई दुःख दिने, कानूनका रुपमा मात्र बुझ्ने गरेका यो कानूनको कार्यान्वयनमा तीव्रता आउन सकेको छैन ।

मान्छेले जन्मिएदेखि मरेर अन्तिम संस्कार गदासम्म कर तिरेकै हुन्छ, आफूले तिरेको कर कहाँ र कसरी खर्च भइरहेको छ भन्ने जान्ने अधिकार प्रत्येक जनतालाई छ । यही कुरालाई सहज बुझाइका साथ अघि बढाउन आवश्यक छ । यसका साथै सरकारीस्तरमा अनुगमन र समन्वयका लागि बनेका सबै संयन्त्रको सक्रियता उत्तिकै आवश्यक छ । साँच्चै देशलाई भ्रष्टाचारमुक्त बनाउने हो भने राजनीतिक दल, दलका नेता, कार्यकर्तालाई सूचनाको हकको महत्त्व, आवश्यकता र यसको प्रयोगबाट हुने फाइदाबारे बुझाउन र बुझ्न जरुरी देखिन्छ । प्रधानमन्त्रीको कार्यालयमा मुख्य सचिवको संयोजकत्वमा रहेको वर्गीकरण समिति छ, सञ्चार मन्त्रालयमा सचिवको संयोजकत्वमा अनुगमन इकाइ छ, प्रदेश सरकारका प्रमुख सचिवको संयोजकत्वमा रहेको अनुगमन समिति र जिल्ला प्रशासन कार्यालयमा रहेको जिल्ला अनुगमन समितिलाई सक्रिय बनाउनुपर्ने देखिन्छ ।

सूचनाको हक सम्बन्धी कानून के हो भनेर बुझाउनुपर्ने अवस्था छ । राष्ट्रिय सूचना आयोगलाई अनुगमनमा जोड र सूचना माग्नेलाई सहजरुपमा दिलाउनेमा सक्रिय बनाउनुपर्ने देखिन्छ । स्थानीयस्तरदेखि राष्ट्रियस्तरसम्म नागरिक स्तरबाट हुने सूचनाको हक सम्बन्धी अभियानहरुमा साझेदारी गर्नुपर्ने हुन्छ । अहिले आयोगबाट आफू पनि नगर्ने अरूलाई पनि गर्न नदिने जस्तो अवस्था देखिएको छ । विगतमा राष्ट्रिय सूचना आयोग र स्वयम्सेवी संस्थाहरु, सूचनाको हकका लागि राष्ट्रिय महासङ्घसँग मिलेर काम गर्ने गरेको धेरै उदाहरण छन् ।

अहिले आफ्नै किसिमले स्रोत नहुँदा हुँदै पनि देशभर सङ्गठन बनाएर महासङ्घ अघि बढिरहेको देखिन्छ । समुदायस्तरमा समुदाय जागरण अभियान र काठमाडौँ उपत्यकाभित्र विद्यालय तथा कलेजस्तरीय जागरण अभियान सञ्चालन गरिरहेको छ भने सूचना माग्ने अभियानलाई पनि तीव्रता दिएको छ । स्रोत नभएका कारण जसरी गर्नुपर्ने हो, त्यसरी व्यापकता पाउन सकेको छैन । यसका लागि सरकारी स्तरबाट हातेमालो हुन आवश्यक छ । भ्रष्टाचार अन्त्यको अभियानमा सूचनाको हक महत्त्वपूर्ण औजार हुन सक्छ । राज्यका निकाय वा सार्वजनिक निकायको लगानीमा हुने योजनाहरुको बिल भर्पाई सार्वजनिक गर्नुपर्छ भन्ने सबैलाई बुझाउन जरुरी छ । गलत भएको छ भने कारबाहीमा परिन्छ भन्ने पनि वातावरण सिर्जना हुनुपर्छ । यस्तो भए स्वतः गलत काम रोकिन्छ । यो कुरा सरकार र नागरिकस्तरबाट बुझ्न र बुझाउन जरुरी छ ।

नागरिक स्तरबाट पनि बुझाउने गरिएको प्रयासलाई सहजरुपमा लिने गरिएको पाइँदैन । यसका केही चुनौतीहरूको समाधानका लागि केही उपायहरूको आवश्यकता छ । पहिलो, सरकार र सार्वजनिक निकायहरूले सूचनाको हकलाई गम्भीर रूपमा लिई समयमै सूचना उपलब्ध गराउने संस्कारको विकास गर्नुपर्छ । दोस्रो, पत्रकारहरूको क्षमता अभिवृद्धि गर्न तालिम, स्रोत साधन र प्रविधिको पहुँच बढाउन आवश्यक छ । तेस्रो, पत्रकारहरूको सुरक्षा सुनिश्चित गर्न कडा कानूनी व्यवस्था र त्यसको प्रभावकारी कार्यान्वयन हुनुपर्छ ।

साथै सञ्चारमाध्यमले पनि आफ्नो पेसागत आचारसंहिता पालना गर्दै निष्पक्ष र सत्यतथ्यमा आधारित समाचार प्रस्तुत गर्न सूचनाको हक प्रयोग गर्नुपर्छ । सूचनाको हकको प्रभावकारी कार्यान्वयन बिना लोकतन्त्र सुदृढ हुन सक्दैन । यसमा सूचनाको हकको भूमिका अत्यन्त महत्त्वपूर्ण र अपरिहार्य छ । नागरिकलाई सशक्त बनाउने, सरकारलाई जवाफदेही गराउने र समाजमा पारदर्शिता ल्याउने कामलाई सञ्चारमाध्यमले प्राथमिकता दिनुपर्ने हुन्छ । त्यसैले सूचनाको हकलाई व्यावहारिक रुपमा कार्यान्वयन गर्ने कार्यलाई सफल बनाउन राज्य, नागरिक समाज र पत्रकारिता क्षेत्रको समन्वयात्मक भूमिका आवश्यक छ ।

सुशासन, पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्दै समृद्ध र लोकतान्त्रिक समाज निर्माण गर्न सकिन्छ । यो कानून जनताका पक्षमा रहेको महत्त्वपूर्ण कानून हो । यो कानून ल्याउन नेपाल पत्रकार महासङ्घको महत्त्वपूर्ण भूमिका थियो । सूचनाको हक र सञ्चारसँग सम्बन्धित कुनै पनि काम कारवाहीका लागि अहिले पनि पत्रकार महासङ्घलाई सरकारले समितिमै राखेर सुझाव दिने अवसर प्रदान गरेको छ । यति मात्र होइन, राष्ट्रिय सूचना आयोगको गठनमा निर्णय गर्ने भूमिका दिइएको छ ।

सूचना आधुनिक लोकतान्त्रिक समाजको मेरुदण्ड हो । नागरिकले राज्यका गतिविधि, निर्णय र खर्चबारे जानकारी पाउने अधिकार नै सूचनाको हक हो । नेपालमा सूचनाको हकलाई संविधानमा मौलिक हकका रूपमा सुनिश्चित गर्नाका साथै अलग्गै कानून मार्फत यसको कार्यान्वयनको कानूनी आधार तयार गरिएको छ । तर, कानून बनेर मात्र यसको प्रभावकारी कार्यान्वयन स्वतः हुँदैन । यसलाई व्यवहारमा लागू गराउन विभिन्न पक्षको सक्रिय भूमिका आवश्यक पर्छ । यसमा सूचनाको हकका अभियानकर्ता र पत्रकारिता क्षेत्रको भूमिका अत्यन्त महत्त्वपूर्ण हुनसक्छ ।

भ्रष्टाचार अन्त्य र सुशासनको मुद्दा लिएर जेन-जी विद्रोहको आडमा भएको सङ्घीय संसद्को निर्वाचनमा सुशासन कायम गर्ने र भ्रष्टाचारको अन्त्य गर्ने उद्घोषका साथ राष्ट्रिय स्वतन्त्र पार्टीले करिब दुई तिहाईको जनमत पाएको थियो । त्यही जनमतबाट गठित वर्तमान सरकारले भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्ने पार्टीको उद्घोषलाई अझ परिणाममुखी बनाउन पनि सूचनाको हक सम्बन्धी ऐन २०६४ कानूनको व्यावहारिक कार्यान्वयनमा जोड दिनुपर्छ । यसका लागि सरकारी निकायलाई जवाफदेही र जिम्मेवार बनाउन कडा निर्देशन दिने र सूचना नदिनेलाई कारबाही गर्ने प्रावधान कडाइका साथ लागू गर्न सकेको अवस्थामा सरकारको प्रभावकारिता बढ्न जाने मात्र होइन, मुलुकमा सुशासन कायम भई नागरिकले लोकतन्त्रको अनुभूति गर्न पाउनेछन् ।

(लेखक सूचनाको हकका लागि राष्ट्रिय महासङ्घका केन्द्रीय अध्यक्ष तथा नेपाल पत्रकार महासङ्घका केन्द्रीय उपाध्यक्ष हुन् ।)

## आर्थिक समृद्धिको आधार जडीबुटी :

# प्रशोधन र 'ब्रान्डिङ'मा जोड

अमूल्य जडीबुटी तथा जैविक विविधताका दृष्टिले हाम्रो मुलुक विश्वको समृद्ध देश मानिए पनि स्वदेशी जडीबुटीको प्रयोग प्रचुरमात्रामा नहुँदा राष्ट्रलाई आर्थिक विकासको बाटोमा अग्रसर गराउने प्रयत्न साकार भएको छैन । कच्चा पदार्थका रूपमा निर्यात हुँदै आएको जडीबुटीलाई ब्रान्डिङ गरेर मुलुकको आर्थिक समृद्धिको आकांक्षा पूरा गर्न सकिने वनस्पति जगत्का जानकारका साथै व्यापारी र जडीबुटीमा सरोकार भएकाहरूले बताएका छन् । उपलब्ध स्रोतको सही उपयोग गरेर स्वदेशमा बृहत् आयुर्वेद अस्पताल र औषधि उद्योग सञ्चालन गर्न सकिने उनीहरूको कथन छ ।

देशका विभिन्न भागमा औषधीय गुण भएका असंख्य वनस्पति तथा जडीबुटी पाइने भए पनि ती मध्ये धेरैजसो सस्तो मूल्यमा विदेशिने गरेका छन् । हाम्रै जडीबुटीबाट बनेका औषधि महँगोमा आयात भइरहेका छन् । वनस्पति विभागका अनुसार देशमा आठ सय १९ प्रजातिका जडीबुटी पहिचान भएका छन् । ती मध्ये ३३ प्रजाति आर्थिक विकासका लागि प्राथमिकतामा राखिएका छन् । करिब एक सय २० प्रजातिको खेती भइरहेको छ भने दुई सयभन्दा बढी प्रजातिबाट सुगन्धित तेल उत्पादन गर्न सकिन्छ ।

विश्व बजारमा नेपालको हिस्सा अत्यन्त न्यून-करिब ०.००६ प्रतिशत छ । गत आवमा दुई अर्ब चार करोड रुपैयाँ बराबरको जडीबुटी निर्यात भएको निकासी प्रवर्द्धन केन्द्रले जनाएको छ । औषतमा वार्षिक एक अर्ब २४ करोड रुपैयाँ बराबरको जडीबुटी निर्यात हुने गरेको छ ।

निर्यात हुने जडीबुटी मध्ये करिब ९० प्रतिशत कच्चा रूपमै बाहिरिने भएकाले अपेक्षित मूल्य अभिवृद्धि हुन नसकेको विभागका महानिर्देशक सञ्जीवकुमार राई बताउँछन् । संरचना सुदृढीकरण, नवीन प्रविधि, अनुसन्धान तथा निजी-सामुदायिक सहकार्य विस्तार मार्फत जडीबुटी क्षेत्रलाई आर्थिक वृद्धिको सशक्त माध्यम बनाउन सकिने उनी बताउँछन् । स्वदेशमा नै प्रशोधन गरेर औषधि उत्पादन गर्न सकेमा जडीबुटीलाई समृद्धिको बलियो आधार बनाउन सकिन्छ । त्यसैले जडीबुटी, गैरकाष्ठ वन पैदावार तथा जैविक विविधतालाई समृद्धिको आधारका रूपमा उपयोग गर्दै औषधिमा आत्मनिर्भर बन्नुपर्ने आवश्यकता औँल्याइएको छ । 'हरियो वन नेपालको धन' भन्ने भनाइलाई व्यवहारमा उतार्दै अब जडीबुटीलाई समृद्धिको आधारका रूपमा अघि बढाउनुपर्ने धारणा व्यक्त गरिएको छ ।

नेपालबाट सन् २०२४/०२५ मा करिब दुई अर्ब चार करोड बराबरको जडीबुटी निर्यात भएको व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका सूचना अधिकृत कृष्णराज बजगाईले जानकारी दिए । ती मध्ये करिब ९० प्रतिशत जडीबुटी कच्चा रूपमै निर्यात हुने गरेको पाइएको छ । यस्ता औषधीय गुण भएका गैरकाष्ठ वन पैदावारलाई स्वदेशमै औषधि निर्माण तथा अन्य प्रयोजनमा प्रयोग गर्न सके मुलुकलाई ठूलो लाभ हुने थियो । कच्चापदार्थकै रूपमा निर्यात गर्दा भने तिनको वास्तविक मूल्य प्राप्त हुन सकेको छैन । वनस्पति विभागका अनुसार नेपालमा हालसम्म आठ सय १९ प्रजातिका जडीबुटी पहिचान भएका छन्, जसमध्ये ३३ प्रजाति आर्थिक विकासका लागि प्राथमिकतामा राखिएका छन्। करिब एक सय २० प्रजातिको खेती भइरहेको छ भने दुई सय प्रजातिबाट सुगन्धित तेल उत्पादन गर्न सकिने सम्भावना रहेको छ ।

हाल वार्षिक औसत एक अर्ब २४ करोड बराबरको जडीबुटी निर्यात हुने गरेको छ । तर, विश्व बजारमा नेपालको हिस्सा अत्यन्त न्यून-करिब ०.००६ प्रतिशत मात्र रहेको छ । करिब एक सय प्रजाति व्यापारिक प्रयोजनमा प्रयोग भइरहेका छन्, जसमध्ये २० प्रजातिले ८० प्रतिशतभन्दा बढी हिस्सा ओगटेका छन् । भविष्यमा दुई सय ५० भन्दा बढी प्रजाति व्यापारिक रूपमा उपयोग गर्न सकिने सम्भावना रहेको विभागको आकलन छ । जडीबुटी तथा गैरकाष्ठ वन पैदावारले नेपालको कुल वैदेशिक निर्यातको करिब १० प्रतिशत हिस्सा ओगट्दै आएको छ । यस क्षेत्रलाई व्यवस्थित गर्न सके व्यापार घाटा न्यूनीकरणमा महत्त्वपूर्ण योगदान पुग्ने सरोकारवालाहरूको भनाइ छ ।

सरकारले 'हिमालयन हर्ब्स' ब्रान्डिङ मार्फत जडीबुटी क्षेत्रलाई अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्ने योजना अघि सारेको छ । हाल करिब सात दशमलव सातअर्ब रहेको निर्यातलाई आगामी चार वर्षभित्र ३० अर्ब पुऱ्याउने लक्ष्य लिइएको विभागले जनाएको छ । वनस्पति विभागका महानिर्देशक डा. सञ्जीवकुमार राईले संकलित जडीबुटी मध्ये करिब ९० प्रतिशत कच्चा रूपमै निर्यात हुने गरेको बताए । उनका अनुसार अनुसन्धान र विकासमा लगानी वृद्धि गर्दै जडीबुटीलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन सके नेपाललाई 'जडीबुटीको अन्तर्राष्ट्रिय भण्डार'का रूपमा स्थापित गर्न सकिन्छ ।

डा. राईले आधुनिक विज्ञानसँग समन्वय गरी जडीबुटीमा अनुसन्धान तीव्र बनाउँदै रासायनिक संरचना पहिचान र पेटेन्ट लिन सकिने सम्भावना औँल्याए । हाल अधिकांश जडीबुटी जङ्गली रूपमा संकलन हुने भएकाले दीगो व्यवस्थापनका लागि व्यावसायिक खेती विस्तार आवश्यक रहेको उनले बताए । कोटेश्वरस्थित जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनीले जडीबुटी क्षेत्रमा ठूलो सम्भावना रहेको जनाएको छ । निमित्त महाप्रबन्धक उषा रिजालले जडीबुटीको उचित उपयोग गर्न सके आर्थिक समृद्धिमा महत्त्वपूर्ण योगदान पुग्ने बताए । उनका अनुसार कम्पनीले विभिन्न जडीबुटीजन्य उत्पादन बजारमा ल्याएको छ । तर ठूलो परिमाणमा उत्पादन गर्न नसक्दा लागत बढी पर्ने समस्या रहेको छ । अर्ग्यानिक प्रमाणीकरणको अभावले निर्यातमा चुनौती देखिएको उनले बताए । सामुदायिक वन उपभोक्ता महासंघका अध्यक्ष ठाकुरप्रसाद भण्डारीले कानूनी जटिलताका कारण जडीबुटी उत्पादन र ओसारपसारमा समस्या भइरहेको बताए । उनले अनुदान, सहजीकरण र बजार व्यवस्थापन सुधार आवश्यक रहेकोमा जोड दिए । वनविद् डा. नवीन जोशीले अर्गानिक तथा वन प्रमाणीकरणलाई प्राथमिकता दिन सके निर्यात वृद्धि हुने बताए । अन्तर्राष्ट्रिय बजारमा अर्गानिक जडीबुटीको माग बढ्दै गएको उनको भनाइ छ ।

निजी क्षेत्रले कच्चा निर्यात घटाएर प्रशोधन र ब्रान्डिङमा जोड दिनुपर्ने सुझाव दिएको छ । नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले जडीबुटीलाई औद्योगिक उत्पादन र निर्यातको आधार बनाउन सकिने बताए । नेपालमा राजनीतिक अस्थिरता, महामारी र संरचनागत कमजोरीका कारण अर्थतन्त्र प्रभावित भइरहेका बेला जडीबुटी क्षेत्र समृद्धिको महत्त्वपूर्ण आधार बन्न सक्ने सरोकारवालाको निष्कर्ष छ । यस क्षेत्रलाई प्राथमिकतामा राखी नीति, लगानी र सहजीकरण बढाउनुपर्ने आवश्यकता औँल्याइएको छ ।






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** - समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** - स्वास्थ्य प्रतिकुल बन्नेछ, मन शान्त रहने छ, छोटो दूरीको रमाइलो यात्रा हुने सम्भावना रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** - अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौशला मिल्नेछ, मन हर्षित हुनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** - रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौशलाले थप ऊर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिने समय आएको छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** - बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** - पराक्रम बढ्ने योग छ, दिगो फाइदा हुने कामको शुरूवात हुनेछ, आयआर्जनको स्रोत बढ्ने छ, माया-प्रेमको डोरो कसिलो भएर जानेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** - समय सामान्य रहेको छ, खर्च घटेर जानेछ, काम सफलता हुँदा मन खुशी रहला, स्वास्थ्यमा गडबडीको योग रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** - समय फलदायी छ, उपहार प्राप्तिको योग छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनाले मन प्रशन्न रहने छ ।


**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** - तपाईको मन शान्त र खुशी रहने छ, रमाइलो पारिवारिक जमघट हुनेछ, साथीभाइबाट खुशीको खबर आउने छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** - रचनात्मक काम शुरू गर्ने समय छ, पहिले गरिएको कामको हौशलाले थप उर्जा मिल्नेछ, स्वास्थ्यले साथ दिने समय रहेको छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** - आफ्नाबाट खुशीको खबर आउने छ, नयाँ अवसरका बाटो खुल्ने समय आएको छ, आफ्नो काममा लगाव दिनुभएमा राम्रो हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** - समय अनुकूल देखिन्छ, मिष्ठान्न भोजन मिल्नेछ । छोटो दुरीको यात्रा हुनेछ, विपरीत लिङ्गीको सहयोग प्राप्त हुनाले मन प्रशन्न रहला ।

मिति २०८२/१२/२९ आइतबारको
सुनचाँदी मूल्य



छापावाला
सुन प्रति तोला
रु. २९७,१००।-

चाँदी
प्रति तोला
रु. ४,९७५।-

# अतिक्रमित क्षेत्र खाली गराउँदै इनरुवा नगरपालिका



**सुनसरी, चैत २९।** सुनसरीको सदरमुकाम समेत रहेको इनरुवा नगरपालिकाको कार्यालयले पूर्व-पश्चिम राजमार्ग अन्तर्गत सडकपेटीको अतिक्रमित क्षेत्र खाली गराउन शुरु गरेको छ ।

नगरपालिकाले पूर्व-पश्चिम राजमार्गको मापदण्डभित्र बनाइएका संरचना हटाउने, निर्माण सामग्री हटाउनुका साथै पसल व्यवसाय हटाउने कार्य शुरु गरिएको इनरुवा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डिल्ली निरौलाले जानकारी दिए । नगरपालिकाको कार्यालयले पटक-पटक सूचना जारी गर्दा नहटाएपछि नगरपालिकाको डोजरले हटाइएको उनले बताए ।

पछिल्लोपटक नगरपालिकाले यही चैत ५ गते अतिक्रमित क्षेत्र खाली गरिदिन अनुरोधसहितको सात दिने सूचना जारी गरेको थियो । कार्यालयको सूचनालाई अटेर गरेपछि आफैँले अतिक्रमित सडक क्षेत्र खाली गराउने अभियान सञ्चालन गरेको इनरुवा नगरपालिकाका प्रमुख केदार भण्डारीले बताए ।

पूर्व-पश्चिम राजमार्ग खण्ड अन्तर्गत इनरुवा बसचोकबाट सुखुवागाछीसम्म अतिक्रमण गरेर जथाभावी कवाडी व्यवसाय सञ्चालन, निर्माण सामग्री राखिएका, पसल व्यवसायका लागि सामान राख्ने गरिएकाले आवतजावतमा समस्या हुनका साथै कुरुप पनि भएको गुनासो आएपछि राजमार्गका मापदण्डभित्र बनाइएका संरचना, कवाडी सामग्री, निर्माण सामग्री हटाउन शुरु गरिएको नगर प्रमुख भण्डारीले बताए । इनरुवा नगरपालिकाले शुरु गरेको कार्यलाई निरन्तरता दिन स्थानीयले माग गरेका छन् ।

# कालिस्थानमा बालबालिका महोत्सव

**कालीस्थान, चैत २९।** नयाँ वर्ष २०८३ को अवसर पारेर कालीस्थान भ्वाइसको आयोजनामा बालबालिका महोत्सव-२०८३ शुरु भएको छ ।

स्थानीय बालबालिकामा भएको प्रतिभा प्रस्फुटन गर्ने उद्देश्य राखेर १५ वर्षमुनिका बालबालिकाको सहभागितामा दौड, हस्तलेखन, सांस्कृतिक (गायन-नृत्य) एवं फुटबल प्रतियोगिता हुनेछ ।

तीन दिनसम्म सञ्चालन हुने प्रतियोगिता अन्तर्गत पहिलो दिन दौड प्रतियोगिता सम्पन्न भएको छ । ११ वर्षदेखि १५ वर्षका बालिबालिकालाई लगभग ३ सयमिटर र १० वर्षमुनिका बालबालिकालाई लगभग डेढसय मिटरको दुरीमा दौडा प्रतियोगिता गराइएको हो ।

प्रतियोगिता अन्तर्गत १० वर्षमुनी छात्रतर्फ रिदम काफ्ले प्रथम, संयम गोम्देन द्वितीय र लाक्पा तामाङ तृतीय भएका छन् । त्यसैगरी १० वर्षमाथिको मिनी म्याराथन छात्रातर्फ संस्तिका गिरी प्रथम, निर्जला तामाङ द्वितीय र श्रेया मगर तृतीय भएका छन् ।

११ वर्षदेखि १५ वर्ष उमेर समूहमा छात्रतर्फ सुजय तामाङ प्रथम, युवराज प्याकुरेल द्वितीय र उत्साव राई तृतीय भएका छन् । त्यसैगरी छात्रातर्फ रुपा गिरी प्रथम, पासाङ शेर्पा द्वितीय र अभियाना तामाङ तृतिय भएका छन् ।



सञ्जीवकुमार गोम्देनको संयोजकत्व र भक्त थापाको सहसंयोजनमा सम्पन्न प्रतियोगितामा वाङ्चु गोम्देन, मनोज गोम्देन, इन्द्रसेन तामाङ, दिनेश कँडेल र विजय तामाङले प्राविधिक सहयोग गरेका थिए । स्थानीय देवुसिंह तामाङले कालीस्थान चोकमा राष्ट्रिय झण्डा झण्डोत्तोलन गरी प्रतियोगिता उद्घाटन गरेका थिए ।

# सिंहदेवीमा श्रीमद् देवी भागवत महापुराण



**कमल, चैत २९।** कमल गाउँपालिका ३ मा सञ्चालित श्रीमद् देवी भागवत महापुराण नवाह ज्ञान महायज्ञमा भक्तजनको सहभागिता बढ्दै गएको छ ।

श्रीसिंहदेवी मन्दिर व्यवस्थापन समितिको आयोजनामा मन्दिरको घेरावारका साथै स्तरोन्नतिका लागि श्रीमद् देवी भागवत महापुराण आयोजना गरिएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष धनराज गिरीले बताए ।

गत चैत २५ गते मातृका पूजन शोभा यात्राबाट शुरु भएको श्रीमद् देवी भागवत महापुराण नवाह ज्ञान महायज्ञ संगीतमय महापुराणको प्रमुख बाचकत्व व्यासाचार्य पं. शान्तिराम नेपाल रहेका छन् भने उपवाचकत्व युवा व्यासाचार्य पं. प्रेमप्रसाद गौतम तथा भजन गायक खेमराज भट्टराईको भजन प्रस्तुती रहने मन्दिर व्यवस्थापन समितिका पूर्व अध्यक्ष भोला कोइरालाले बताए ।

नवाह ज्ञान महायज्ञको हालसम्म दुई लाख ५५ हजार रुपैयाँभन्दा बढी सहयोग प्राप्त भएको मन्दिर व्यवस्थान समितिका कोषाध्यक्ष कृष्ण लामिछानेले जानकारी दिए । आगामी २०८३ साल बैशाख ३ गते पाठ कथा विश्राम पूर्णाहुति तिलकप्रसाद वितरण गरी समापन गरिने पुराण आयोजक समितिले जनाएको छ ।

# हिमालय इङ्लिस स्कूललाई 'राइजिङ स्कूल अवार्ड'



**मोरङ, चैत २९।** मोरङको सुन्दरहरैंचा नगरपालिका-१० मा अवस्थित हिमालय इङ्लिस स्कूलले शिक्षा क्षेत्रमा पुऱ्याउँदै आएको निरन्तर योगदान, मेहनत र गुणस्तरीय शिक्षाप्रतिको प्रतिबद्धताको कदरस्वरूप 'राइजिङ स्कूल अवार्ड २०२६' प्राप्त गरेको छ ।

उक्त सम्मानले विद्यालयले वर्षौंदेखि निर्माण गर्दै आएको शैक्षिक पहिचान र विश्वासलाई अझ सशक्त बनाएको बताइएको छ ।

कार्यक्रममा 'शिक्षा उत्कृष्टता अवार्ड २०२६' अन्तर्गत हिमालय इङ्लिस स्कूललाई उक्त सम्मान प्रदान गरिएको हो । कार्यक्रम एजुकेशन दैनिक र एक्सिटो एजुकेशन लगायतका संस्थाहरूको सहकार्यमा आयोजना भएको थियो, जसमा देशभरका विभिन्न शैक्षिक संस्थाहरूको उपस्थिति रहेको थियो ।

अवार्ड विद्यालयका संस्थापक प्रिन्सिपल तथा कोशी प्रदेश नेसनल प्याब्सनका अध्यक्ष कमल खनालले ग्रहण गरेका थिए । सम्मान ग्रहण गर्दै खनालले यो उपलब्धि विद्यालय परिवारको सामुहिक समर्पण र विश्वासको प्रतिफल भएको बताए । उनले भने- 'यो अवार्ड हाम्रो विद्यालयको मात्र उपलब्धि होइन, यो हाम्रो सम्पूर्ण शिक्षक, विद्यार्थी, अभिभावक र विद्यालयसँग जोडिएका सबै शुभेच्छुकहरूको निरन्तर सहयोग र विश्वासको परिणाम हो । यसले हामीलाई अझ जिम्मेवार बनाएको छ । आगामी दिनमा हामी विद्यार्थीलाई अझ गुणस्तरीय, व्यवहारिक र जीवनोपयोगी शिक्षा प्रदान गर्न निरन्तर प्रतिबद्ध रहनेछौं ।'

विद्यालयले वर्षौंदेखि गुणस्तरीय शिक्षण, विद्यार्थीको व्यक्तित्व विकास, संस्कारयुक्त वातावरण र आधुनिक शैक्षिक प्रविधिको प्रयोगमा विशेष जोड दिँदै आएको छ ।

यही निरन्तरको प्रयास, शैक्षिक निष्ठा र भविष्यप्रतिको स्पष्ट दृष्टिकोणका कारण हिमालय इङ्लिस स्कूलले समुदायमा विश्वासिलो शैक्षिक संस्थाको रूपमा आफ्नो पहिचान स्थापित गर्न सफल भएको छ ।

कार्यक्रममा प्रमुख अतिथिका रूपमा काठमाडौं विश्वविद्यालयका उपकुलपति प्रा.डा. अच्युतप्रसाद वाग्ले उपस्थित थिए । त्यसैगरी जेभियर एकेडेमीका अध्यक्ष प्रा.डा. श्रीराम भगत माथे लगायतका शैक्षिक क्षेत्रका विशिष्ट व्यक्तित्वहरूको पनि उपस्थिति रहेको थियो ।

सहभागीहरूले शिक्षा क्षेत्रमा गुणस्तर अभिवृद्धि, नवीन सोच र जिम्मेवार शैक्षिक नेतृत्वको आवश्यकता औंल्याउँदै हिमालय इङ्लिस स्कूलको उपलब्धिलाई उदाहरणीय भन्दै प्रशंसा गरेका थिए ।

विद्यालय परिवारका लागि यो अवार्ड केवल एउटा सम्मान मात्र होइन, अझै उत्कृष्ट बन्ने प्रेरणा र चुनौती दुवै भएको विद्यालय पक्षको भनाइ छ । विद्यालयले आगामी दिनमा शिक्षालाई केवल पाठ्यक्रममा सीमित नराखी विद्यार्थीको सम्पूर्ण व्यक्तित्व विकासमा केन्द्रित गर्ने प्रतिबद्धता जनाएको छ ।

'राइजिङ स्कूल अवार्ड २०२६' प्राप्तिसँगै हिमालय इङ्लिस स्कूलले शिक्षा क्षेत्रमा अझ प्रभावकारी भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ ।


उच्च गुणस्तर सुलभ मूल्य
सयपत्री बालुवा प्रशोधन उद्योग
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

कलर दोकानको रंगिन बहार
यहाँ इन्डीगो र के.एन.पी. ब्रान्डका सम्पूर्ण कलरहरु विगत १४ वर्षदेखि बिक्री गरी ग्राहकहरुलाई सेवा दिइरहेका छौं । साथै दक्ष पेन्टरद्वारा आफ्नो चाहे जस्तै कलरमा घरलाई आकर्षक बनाउन हामीलाई सम्भनुहोस् ।
कलर दोकान
बिर्तामोड नगरपालिका–४, भद्रपुररोड ने.वि.प्रा. गेट पूर्व
फोन नं. : ९८५२६७२२२०

विद्युत सामग्री मर्मत
यहाँ मोटर, पंखा, जग, मिक्चर लगायत सम्पूर्ण विद्युतीय उपकरणहरु ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
स्थान : हिकोला हेरीटेजबाट उत्तर डेनियल होटल निस्किने गल्लीमा
शिवशक्ति इलेक्ट्रीकल
प्रो. सुरेश पोखेल
फोन :– ९८१७९४७५६७

सेफ्टी ट्यांकी चाहिएमा
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस् । सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।
सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

कार्की ट्याक्सी सर्भिस
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्भनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४ ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

सिलिङ सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्भनुहोस्
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ साथै पीभीसी सिलिङ र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ । आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।
बिर्तामोड : झापा फल्स सिलिङ हाउस ९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

अब विद्युतीय वाइक बिर्तामोडमा
वर्तमान इन्धन अभावलाई मध्यनजर गर्दै बिजुलीबाट घरमा सजिलै चार्ज गर्न सकिने तराई पहाडका बाटोमा प्रयोग गर्न मिल्ने विद्युतीय साइकल, स्कुटर किस्ता सुविधामा पनि उपलब्ध छ । चाडै सम्पर्क गर्नुहोला ।
सम्पर्क
बिर्तमोड–४, भद्रपुररोड, नेपाल विद्युत प्राधिकरण गेट पूर्व लक्ष्मण मार्केट
फोन : ९८५२६४२७२७ ९८०५५८२७२७

SUNMAI SPRING
'थोपा–थोपामा जीवन छ'
HACCP ISO 9001:2015 स्वदेशी हाम्रो सामान, हाम्रो स्वाभिमान
स्वास्थ्य जीवनका लागि सुनमाई पानी पिउने बानी बसालौं ।
SUNMAI SPRING
Phone: 530335, 530234
Mob. No. 9801440344

UNited International Group
UAE मा रोजगारीको अवसर
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421 9807963795 / 9816015488
email: asialinkjhapa@gmail.com phagdhakgroup@gmail.com

घर ढलान गर्नुछ ?
तपाईको सेवामा सधैं चन्द्र सूर्य आर.एम.सी.
झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल–पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नुपरेमा सधैंसम्भन्होस् ।
सेवामा २४सैं घण्टा उपलब्ध छौं ।
सम्पर्क : ९८०२३१३२९० ९८२४०५७७०७ ९८०२३१३२९३

ताप्लेजुङ -पाथीभरा सफल यात्रा
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्भनुहोस् ।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२ ९८०१३६४०९३

आयुर्वेद उपचार
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क: ९८१८७९३९८६, ९८५२६८८९८६

DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

Ganapati Bakers
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्भनुहोस् ।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

शुद्ध दूधको स्वस्थ उत्पादन
कोसेली
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा'
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ । साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ ।
कालिका डेरी, कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

वैदेशिक रोजगार
के तपाई विदेश जान चाहनुहुन्छ ? यदि सस्तो, भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने ब्रदर्श इन्टरनेशनल इम्प्लोइमेन्ट प्रालिलाई सम्भनुहोस् । हामी दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

आधुनिक कृषि औजार चाहिएमा
के तपाईलाई आधुनिक कृषि औजार चाहिन्छ ।
प्रिय कृषक दाजुभाइहरु,
तपाईहरुलाई धान गोड्ने, मकै तथा आलु गोड्ने, फलामे हलो, कर्न सिड लाइनर, किटको हलो, गोवर व्यारो, कम्बाइन सेट, स्टिक कर्न सिडर नग्रे चाहिएमा हामीलाई सम्भनु होस् ।
यहाँ अफिस, स्कूल, कलेज, बगैंचा सजावटका लागि फूल रोप्ने स्टेण्ड समेत उपलब्ध छ ।
नेपालभरि होम डेलिभरीको व्यवस्था छ ।
कनकाई एग्रो इन्जीनियरिङ
कनकाई–३, सुरुङ्गा, झापा
प्रो. केशर खड्का
फोन: ९८१६०६००४८, ९८४२१०५५९०

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई
बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१० ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

अब बिर्तामोडमा
डा. पितामबर ठाकुर
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या
मुटु सम्बन्धी समस्या
राति निद्रा नलाग्ने
छाती दुख्ने
फोक्सो सम्बन्धी समस्या
बाथ
थाईराईड
रक्तचाप
मधुमेह
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand

आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक
१५ वर्षको अनुभवसँग तपाईको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
नि:शुल्क चेक–अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईको सेवामा !
हाम्रो स्थानहरू: बिर्तामोडमा हिकोला रोड, फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

उक्त सबै रोगहरूको तत्काल उपचार
तारा होमियो फार्मेसीमा सम्पूर्ण होमियोप्याथिक औषधि उपलब्ध हुनुका साथै डाक्टरको सेवा पनि उपलब्ध छ ।
पेटका रोगहरु: ग्यास्ट्रिक, पेट दुख्ने, पोल्ने, खाना नपच्ने, अरुचि, पाइल्स, फिस्टुला फिस्सर, मलद्वारमा मासु पलाउने, कब्जियत, जण्डीस
- लिभरका रोगहरु
- महिलाको महिनावारी गडबडी, सानो पेट दुख्ने, पोल्ने, सुन्निने, सेतोपानी जाने, ढाड दुख्ने, स्थनका गाठागुठी आदि ।
- अनुहारको चायाँ पोतो, डण्डिफोर, मुसा, खिल, अैजेरु, दम, खोकी, बाथ, मृगौलाको पत्थरी, टाउको दुख्ने, निद्रा नलाग्ने, रुघा लागिरहने, एलर्जी, नाक बन्द हुने, नाकमा मासु पलाउने, पिनास, जोर्नी दुख्ने, युरिक एसीड, थाइराइडको समस्या, स्त्री तथा पुरुषका विभिन्न गुप्तरोगहरु, सुगर, ब्लड प्रेसर, कपाल झर्ने, मोटोपन घटाउने आदि ।
तारा होमियो फार्मेसी
बिर्तामोड, झापा
फोन नं.:– ०२३–५३१२९८, ९८५२६७२३१६

होटल समृद्धि सुरुङ्गा
एसी हल, एसी रुम, बर्थ डे हल, शान्त वातावरणमा खाना/बस्नसहितको विशेष सुविधा अब होटल समृद्धि सुरुङ्गमा ।
होटल समृद्धी
हरिकुल बोर्डिङ्ग छेउ, हाइवे उत्तर कनकाई नपा, सुरुङ्गा, झापा
सम्पर्क : ९८२२१९५२७३, ९८५२६७१४२२

वैदेशिक रोजगार
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. : 023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

नेपालीहरुको लागि भरपर्दो सेवा
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर
Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।
यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।
पानीटंकीको पहिलो गल्ली बायाँ साइड सम्पर्क : निशान्त– ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)
नोट: यहाँबाट नि:शुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।
Youtube Channel : Nishat M jotic kendra

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिड्न गाह्रो हुने शरीरको एक वा दुवै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्यारालाइसीस भएका तथा हिड्न नसक्ने बिरामीलाई लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१४५६१९, ९८१४०३२६६२, ९७६२९००२८८)